# नेपाली राहदानी किन यति कमजोर ?

**आदिल अली**

**नेपाली राहदानी विश्वमा सबै भन्दा कमजोर मध्ये सातौँ । 'ह्यानले सूचकाङ्क' मा हाम्रो राहदानी कैयौँ वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको लहरमा आउने गरेको छ । स्थिति यति सम्म खराब बनेको छ कि एशियाका पर्यटकीय गन्तव्यहरू इन्डोनेसियाको बाली, थाईल्याण्ड र मलेशियाले पनि नेपालीलाई 'अन अराइभल' भिषा दिन छोडेको धेरै वर्ष भयो ।**

अन्तर्राष्ट्रिय समुदायमा कुनै पनि मुलुकको मान प्रतिष्ठा मापन गर्ने विभिन्न सूचक मध्ये राहदानी (पासपोर्ट) एउटा महत्वपूर्ण सूचक हो । आर्थिक, शैक्षिक लगायत अन्य प्रमुख सूचकहरूमा पछाडि परेको नेपाल राहदानीको मामिलामा अत्यन्तै कमजोर देखिएको छ ।

**कमजोर नेपाली राहदानी :**

गएको १५-२० वर्ष यता लगातार खस्कँदै गएको नेपालको राहदानीको स्थिति सन् २०२४ मा झन् कमजोर बनेको छ । 'ह्यानले' को अध्ययनमा समेटिएका एक सय ९९ देशको, एक सय चार स्थान मध्ये नेपाली राहदानीको हैसियत ९८ औं स्थानमा देखिएको छ ।

एक सय चार वटा वरियता रहेको 'पासपोर्ट ऱ्याङ्किङ' प्रतिवेदनमा एउटै स्तरमा समान हैसियतका दुई वा दुई भन्दा वढी देश पनि परेका छन् । सूचीमा नेपाल सबै भन्दा कमजोर मध्ये, सूचीको तलबाट, सातौँ स्थानमा रहेको छ । उक्त वरियतामा लिबिया र प्यालेष्टाइन पनि समावेश छन् । दक्षिण एसियाली राष्ट्रहरूको सम्दर्भमा, नेपाल पाकिस्तान र अफगानिस्तान पछि तेस्रो सबै भन्दा तल रहेको छ, अर्थात नेपाल पाकिस्तान र अफगानिस्तान भन्दा बलियो ! दक्षिण एशियाका अन्य देश बंङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, श्रीलंकाका पासपोर्ट नेपालको भन्दा बलिया छन् ।

नागरिकले बोक्ने सामान्य राहदानीले विदेश यात्राका क्रममा पाउने प्रतिष्ठा र स्वतन्त्रताका आधारमा विश्वभरका देशहरूको 'पासपोर्ट ऱ्याङ्किङ' गर्ने 'ह्यानले पासपोर्ट सूचकाङ्क' का अनुसार सन् २०२४ मा भारतीय राहदानी ८० औं स्थानमा छ भने चीनियाँ पासपोर्ट ६२ औं स्थानमा छ ।

हाम्रो छिमेकी भूटान ८७ औं स्थानमा छ भने माल्दिभ्स ५८ औं, श्रीलंका ९६ औं, र बङ्गलादेश ९७ औं स्थानमा छन् । दक्षिण एसियाका दुई सबैभन्दा कम ऱ्याङ्किङ भएका देश, पाकिस्तान र अफगानिस्तानको राहदानी क्रमशः १०१ औं र १०४ औं, अन्तिम, स्थानमा छन् । ह्यानलेले हालै

सार्वजनिक गरेको २०२४ को शक्तिशाली राहदानी सूची अनुसार, नेपाल अन्तिमबाट सातौँ स्थानमा छ र समग्रमा ९८ औं स्थानमा छ ।

'ह्यानले सूचकाङ्क' मा हाम्रो राहदानी कैयौँ वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको लहरमा आउने गरेको छ । स्थिति यति सम्म खराब बनेको छ कि एशियाका पर्यटकीय गन्तव्यहरू इन्डोनेसिया, थाईल्याण्ड र मलेशियाले पनि नेपालीलाई 'अन अराइभल' भिषा दिन छोडेको धेरै वर्ष भयो ।

विगतमा, धेरै वटा एशियाली र यूरोपेली देशहरूले नेपाली नागरिकहरूलाई 'अन अराइभल' भिषा दिन्थे भने अहिले यो सुविधा दिने ४० वटा देश मात्र छन् । अर्थात् नेपाली नागरिकलाई सम्मान गर्ने देश र समाज संसारभर घट्दै छन् !

नेपालमा रहेका विदेशी राजदूतावासहरू मध्ये केहीले मात्र काठमाडौँबाट भिषा जारी गर्छन् । कतिपय राजदूतावासले कन्सुलर सेवालाई नयाँ दिल्लीमा रहेको उनीहरूको दूतावासमा सारेर नेपाली नागरिकहरूलाई त्यहिँबाट भिषा जारी गर्छन् ।

सबै भन्दा कमजोर राहदानीको सूचीमा अन्तिम आठ वरियतामा परेका ११ वटा देश मध्ये नौ वटा देश मुस्लिम राष्ट्र रहेको तथ्याङ्क ह्यानलेको प्रतिवेदनमा परेको छ । सूचीको अन्त्यमा अफगानिस्तान छ भने दोश्रो र तेश्रोमा क्रमश: सिरिया र इराक छन् । पाकिस्तान चौथो दर्जामा परेको छ भने यमन पाँचौ र सोमालिया छैठौँ स्थानमा । नेपाल, लिबिया र प्यालेष्टाइन समान सातौँ स्थानमा छन् भने बङ्गलादेश र उत्तर कोरिया आठौँमा ।

**शक्तिशाली देशका बलिया राहदानी :**
विश्वमा सबैभन्दा शक्तिशाली राहदानी फ्रान्स, जर्मनी, इटाली, जापान, सिंगापुर, र स्पेनका रहेछन् । यी सबै देश पहिलो स्थानमा छन् । यी देशका नागरिकले १९४ देशमा भिषा नलिइकन (अन अराइभल भिषा) भ्रमणमा जान पाउँछन् । अर्को शब्दमा भन्ने हो भने यी राष्ट्रका नागरिक र पासपोर्टको प्रतिष्ठा यति उच्च छ कि त्यहाँका नागरिक विश्वका लगभग सबैजसो देशमा विना भिषा प्रवेश गर्न पाउँछन् !

शक्तिशाली पासपोर्टको सूचीमा सातौं स्थानमा रहेको संयुक्त राज्य अमेरिकाको राहदानीले १८८ देशमा अग्रिम भिसा प्राप्त नगरी प्रवेश पाउँछ । भारतको राहदानी ८० औं स्थानमा छ । भारतीय राहदानीवाहकले ६२ देशमा 'अन अराइभल' भिषा पाउँछन् । अर्थात् पहिले नै भिषा लिइरहनु पर्दैन

। चीनको राहदानी ६२ औं स्थानमा छ । चीनियाँ नागरिकले ८५ देशमा 'अन अराइभल' भिषा पाउँछन् ।

'ह्यानले पासपोर्ट सूचकाङ्क' अन्तर्राष्ट्रिय हवाई यातायात संघबाट प्राप्त तथ्याङ्क तथा जानकारीमा आधारित छ । ह्यानलेको अनुसन्धान विभागले थप खोजी गरेर यो प्रतिवेदन तयार पारेको जनाएको छ ।

नेपाली पासपोर्ट सम्बन्धी यो नवीन जानकारी अधिकांश नेपाली नागरिकका लागि स्वभाविक जस्तो लाग्न सक्छ । विगत् दुई दशकदेखि खस्कँदो हैसियतको हाम्रो राहदानीका कारण विदेश जाँदा नेपालीहरूले अनेक अपमान सहनु परेका समाचार आउने गरेका छन् । र, विश्व सम्बन्धका हिसाबले हेर्दा नेपाली अपमानजनक अवस्थामा छन् ।

**नेपाली राहदानी किन कमजोर ?**

नेपालको राहदानी किन यति कमजोर भयो ? विशेषज्ञहरूले अनेक पक्ष र कारणले गर्दा हाम्रो राहदानी कमजोर बन्दै गएको, राष्ट्रको प्रतिष्ठामा आँच आएको र नेपाली नागरिकले विदेश भ्रमण गर्दा अपमान सहनु परेको बताउने गरेका छन् ।

- **सीमित 'अन अराइभल' भिषा :** नेपाली राहदानीले ४० देशमा मात्र भिषारहित वा अन अराइभल भिषा पाउने गरेको छ । यो भनेको जापान र सिंगापुर जस्ता देशहरूको राहदानीको तुलनामा अत्यन्तै कम । भारत, चीन, श्रीलङ्का भन्दा पनि थोरै । यस्तो प्रतिबन्धित यात्राका कारण नेपाली नागरिकको पर्यटन, शिक्षा, र रोजगारीको अवसरहरूमा नकारात्मक असर गर्ने गरेको छ ।
- **राजनीतिक र आर्थिक कारण :** अस्थिर राजनीति, छिट्टो-छिट्टो सरकार परिवर्तन, र आर्थिक कमजोरी समेतले नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा आघात पुर्‍याएका छन् । त्यसैले कतिपय देश नेपाललाई भिसारहित यात्राको सुविधा दिन चाहँदैनन् ।
- **सुरक्षा सम्बन्धी चासो :** राजनीतिक परिवर्तन, हिँसा, अपराधको वढ्दो क्रम जस्ता कारणले नेपाल प्रति सुरक्षा चासो वृद्धि हुँदै गएको देखिएको छ ।
- **कूटनीतिक प्रभावको अभाव :** विश्व समुदायमा नेपालको कूटनीतिक प्रभाव अत्यन्तै न्यून बनेकाले पनि हाम्रो प्रतिष्ठामा प्रतिकूल प्रभाव परेको छ । स्मरणीय छ, दुई-तीन दशक अघि यो सानो, भू-परिवेष्ठित राष्ट्रको प्रतिष्ठा अन्तर्राष्ट्रिय मञ्चमा निक्कै माथि थियो ।
- **भिषा नियम उल्लङ्घन :** विदेश भ्रमणमा जाँदा कतिपय नेपाली नागरिक र पदाधिकारीले भिषाका नियम उल्लङ्घन गर्ने गरेका समाचारहरू आउने गरेका छन् । यसले पनि हाम्रो विश्वसनीयतामा असर पुर्‍याएको छ ।

- **राहदानीको दुरुपयोग, भिसा ओभरस्टे**, शरण खोज्ने बहानामा बस्न खोज्ने, अवैध आप्रवासन, र जाली कागजातहरूको बढ्दो प्रयोग ।

विगत् केही वर्ष यता नेपाली राहदानीको प्रतिष्ठा उल्लेखनीय रूपमा घटेको छ । विश्वव्यापी रूपमा, नेपालको राहदानी अन्तिमबाट छैठौं स्थानमा छ । यो स्थितिमा सुधार गरी नेपालको प्रतिष्ठा विश्व समुदाय सामू उच्च पार्न सरकारले तत्काल आवश्यक कदम चाल्नु जरूरी छ ।

*** आदिल अली रूपनगर नन्दराज संग्रौला क्याम्पसमा बिबिएस पहिलो वर्षका विद्यार्थी हुन् ।**

**साभार : रूपनगर क्याम्पस फिचर सेवा ।**

**सन्दर्भ सूची :**

1. https://www.passportindex.org/byRank.php
2. https://cdn.henleyglobal.com/storage/app/media/HPI/Henley%20Passport%20Index%202024%20January%20Global%20Ranking.pdf
3. https://www.henleyglobal.com/publications/global-mobility-report/2024-july